स्थानीय सरकार
# शिवपुरी गाउँपालिका
शेरावगर, नुवाकोट
बागमती प्रदेश, नेपाल

(प्रशासन शाखा)

मितिः- २०८१/०७/०७
ने.सः- ११४४ कौलागा, ६ बुधवार

## सुधारिएको चुलो वितरण सम्बन्धी सूचना !

प्रस्तुत विषयमा यस कार्यालय र इको एण्ड ग्रिन लिभ्स रिसर्च कन्सल्टेन्सी प्रा.लि. (ECO), काठमाडौं बीचको सम्झौता बमोजिम Improved Cook Stoves Program of Activities Under Gold Standard Nepal अन्तर्गत SSM नामको उच्च क्षमता भएको सुधारिएको चुलो वितरण परियोजना कार्यान्वयनका लागि यस शिवपुरी गाउँपालिका भित्र करिब १००० (एक हजार) थान सुधारिएको चुलो वितरण गर्ने कार्यक्रम रहेको हुँदा चुलो आवश्यक पर्ने नागरिकहरुले तपसिल बमोजिमको कागजात तथा मर्मत सम्भार कोष सञ्चालन शुल्क सहित सम्बन्धित वडा कार्यालय तथा परियोजना सहजकर्तालाई सम्पर्क गर्नुहुन सम्पूर्ण शिवपुरी गाउँपालिका भित्रका नागरिकहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजात/शुल्क**
नेपाली नागरिकताको फोटोकपी - १ थान
मर्मत सम्भार कोष सञ्चालन शुल्क रु. ५०० (अक्षरुपी पाँच सय)

**नोटः** थप जानकारीको लागि आफ्नो सम्बन्धित वडा अध्यक्ष/वडा कार्यालय तथा परियोजना उल्लिखित निम्न सहजकर्तालाई सम्पर्क गर्नु हुन अनुरोध छ । साथै चुलो वितरणको लागि घरधुरी छनौट मापदण्ड यसै सूचना साथ संलग्न गरिएको पठाइएको छ।

**निम्न**
**परियोजना सहजकर्ता**
नामः श्री सजिना पाठक
सम्पर्क नं. ९८६१६९३९८५/९८१८२३०७०७

२०८१/०७/०७
बद्रिनाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत

शिवपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## चुलो वितरणको लागि घरधुरी छनोटको (मापदण्ड) आधार

१. खाना पकाउने ऊर्जाको रुपमा दाउरामा निर्भर रहेको र नियमित पकाउन ईच्छुक घरधुरी हुनुपर्ने छ ।

२. पछाडि परेका, गरिव तथा अति गरिव, वृद्धवृद्धा, एकल महिला र अपाङ्गता भएका घरधुरीलाई विशेष प्राथमिकता दिनुपर्ने छ ।

३. सिलिण्डर ग्याँस (LPG) प्रयोगकर्ताको हकमा वार्षिक बढिमा १ वटा मात्र सिलिण्डर प्रयोग हुने घरधुरी हुनुपर्ने छ ।

४. घरमा नियमित खाना खाने परिवार संख्या बढिमा ८ जना सम्म रहेको घरधुरी हुनु पर्ने छ ।

५. सके सम्म दाउरा अभाव भएको र दाउरा संकलन गर्न टाढा जानु पर्ने गाउँ बस्तीहरु छनोट गर्नु पर्नेछ ।

६. कार्यक्रमको निति नियम भित्र रहि चुलोको प्रयोग गर्न प्रतिवद्ध भएका घरधुरी हुनुपर्ने छ।

७. स्थानीय सरकारले आफ्नो लक्षित समुहमा राखेको घरहरु हुनुपर्ने छ ।

८. अन्य कुनै संस्थाको कार्वन परियोजनामा संलग्न नभएको घरधुरी हुनुपर्ने छ।

९. घरमा बायो ग्याँस, बिद्युतिय चुलो नभएको घरधुरी हुनु पर्ने छ ।

बद्रिनाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत